बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
सिन्धुली

# धानको पातको फेदको डढुवा रोग (Rice sheath blight)

*Rhizoctonia solani* नामक ढुसीले गर्दा हुने यो रोग माटोमा लामो समयसम्म बस्न सक्छ। यसले सबैभन्दा पहिले बोटको तल्लो पातको फेदमा आक्रमण गर्छ।

## अनुकूल परिस्थितिः

- उच्च आर्द्रता (९३-९७%),
- उच्च तापक्रम (३०-३७°C),
- अधिक नाइट्रोजन,
- बोटहरूको घनत्व धेरै ।

## लक्षणहरूः

- सुरुमा पानीको सतहभन्दा माथि पातको फेदमा (leaf sheath) पानीले भिजेको/पानीको फोका जस्ता दागहरू देखिन्छन ।
- पछि फिका खैरा र त्यसपछि सेतो-खैरा धब्बाहरू हुन्छ ।
- धब्बाहरू जोडिएर ठूला बन्छन् र ढुसीको कालो गिर्खाहरु देखा पर्छ ।
- अन्त्यमा पातको किनारा जलेजस्तो सेतो एवम् खैरो देखिन्छ ।



चित्रः धानको पातको फेदको डढुवा रोग

## व्यवस्थापनः

- पानी निकासको व्यवस्था गर्ने ।
- बोटहरूबीच उचित दूरी कायम गर्ने ।
- झारपात नियन्त्रण गर्ने ।
- अवशेषहरू जलाउने ।
- भेलिडामाईसिन ३% L @ ३ मिलि/लिटर पानी वा प्रोपिकोनाजोल २५% ई.सी. @ १ मिलि प्रति ४ लिटर पानीमा मिसाई १०-१२ दिनको फरकमा २ पटक छर्ने ।

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली